घाम वा आगो
तापौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com




❖ वर्ष ३५ ❖ २०७८ माघ ०९ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 January 23 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क १४८

## बिहारमा शराबबन्दी : अवैध घरेलु मदिराको उत्पादन बढ्दो

नरेश यादव, ८ माघ/

पर्सा जिल्लामा अवैध मदिरा उत्पादन कार्य तीव्र गतिमा बढेको छ। भारतको



बिहारमा मदिरा बन्द भएपछि पर्सामा अवैध घरेलु मदिरा उत्पादनका लागि राखिएका भाँडाहरू। तस्वीरः प्रतीक

बिहारमा मदिरा बन्द भएपछि पर्सा जिल्लामा घरेलु मदिरा उत्पादन बढेको हो। पर्सा जिल्लामा उत्पादित घरेलु मदिरा बिहार निर्यात नहुँदा आन्तरिक खपत हुने गरेको थियो तर अहिले ८० प्रतिशत घरेलु मदिरा बिहार निर्यात हुँदै आएको छ।

जिल्लाको सबैभन्दा बढी घरेलु मदिरा उत्पादन पर्सागढी नगरपालिका–३ झब्राहामा हुने गरेको छ। करीब चार सय घरधुरी रहेको यो ठाउँमा तीन सय बढी घरमा घरेलु मदिरा उत्पादन हुने गर्छ। बिहारमा निर्यात हुनु अघि यहाँ उत्पादित मदिराहरू जीतपुर, वीरगंज र जिल्लाको अन्य स्थानमा बिक्री हुने गरेको थियो। अहिले सबैभन्दा सुरक्षित गन्तव्य बिहार भएको छ।

जीतपुर, वीरगंजभन्दा बिहारमा मूल्य पनि बढी पाइने गरेकोले झब्राहाबाट स्कूटी, साइकल, मोटरसाइकल आदिमा घरेलु मदिरा सीमावर्ती क्षेत्रमा पुऱ्याउने गरिन्छ। झब्राहासहित वीरगंज–३० रामवन, सखुवापरसौनीको महुवन, पटेर्वासुगौलीको रङ्गपुर, ठोरी गाउँपालिका, जीराभवानी गापा–५ शङ्करसरैया, हरैया, धोबिनी गापाको असवरिया, पकहामैनपुर र जगरनाथपुर गापामा बढी मात्रामा घरेलु मदिरा उत्पादन हुने गरेको छ। प्रहरीले कोरोना कहरमा विगत दुई वर्षदेखि घरेलु मदिरा विरुद्ध अभियान तीव्र पार्न सकेको छैन।

जिल्ला प्रहरी कार्यालय, पर्साका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले थुप्रै मानिसको जीविकोपार्जन भइरहेकोले प्रहरी कार्यवाहीको बावजुद घरेलु मदिराको उत्पादन नरोकिएको बताएका छन्। उनले मानिसको जीविकोपार्जनको माध्यम बनेकोले प्रहरीले भट्टी, मदिरा मात्र नष्ट गर्ने गरेकोले मौका पाउनुबित्तिकै पुनः सञ्चालन हुने गरेको बताए। उनले पुनः यसविरुद्ध अभियान चालिने आश्वासन दिए।

## चुरे पहाडको फेदमा ५४ परिवारको जनजीवन कष्टकर

राकेश यादव, रौतहट, ८ माघ/

रौतहटमा एउटा यस्तो ठाउँ छ, जहाँका बासिन्दा अहिले पनि कष्टकर



चन्द्रपुर नगरपालिका–१ को जरूवा टोल। तस्वीरः प्रतीक

जीवन बिताइरहेका छन्। चन्द्रपुर नगरपालिका–१ को जरूवा टोलका ५४ घर–परिवार कष्टपूर्ण जीवन बिताउँदै आएका छन्।

सरकारी सेवा सुविधा तथा जनप्रतिनिधिको पहुँच नपुगेको सो ठाउँमा आउनेजाने बाटोको समस्या छ। पूर्व– पश्चिम राजमार्गदेखि उत्तर चुरे पहाडको फेदमा झुपडी बनाएर बस्दै आएको ५४ घर–परिवार छ।

जनप्रतिनिधिले गाउँको बेवास्ता गरेको गुनासो स्थानीय प्रतापसिंह स्याङतानको रहेको छ। राईटोलभन्दा उत्तर खोलापारीमा सो बस्ती रहेको छ। ३ घण्टा हिंडेर खाद्यान्न सामग्री ल्याउनुपर्ने उनीहरूको दुःखेसो विडम्बनापूर्ण छ। विद्युत्, सञ्चार, शिक्षा र स्वास्थ्य सबै ठाउँमा पुगे पनि त्यस बस्तीका मानिस यी सुविधाबाट वञ्चित छन्।

उत्तर मकवानपुरको सिमानासित जोडिएको त्यहाँ बासिन्दा अहिले पनि कुलोको पानी खान बाध्य छन्।

विद्यालय र स्वास्थ्य चौकी पनि छैन। शुद्ध खानेपानीको अभाव छ। शिक्षाबाट वञ्चितीकरणमा परेका उक्त बस्तीका किशोरकिशोरीहरू श्रम गर्न जिल्ला बाहिर जाने गरेको स्थानीय सुबासिंह पाखिनले बताए।

कोरोनाको महामारीमा पनि केही राहत नपाएको पाखिनले सुनाए। नगरपालिकाबाट प्राप्त हुने सामाजिक सुरक्षा भत्ताबाहेक बस्तीका मानिसले कुनै पनि प्रकारको सरकारी सुविधा पाउन सकेका छैनन्।

बाढी आउँदा गाउँ बाहिर जानआउन नसकिने बताउँदै विद्युत् सुविधा नभएकोले जङ्गली जनावरबाट उच्च जोखिमसमेत भोगिरहेका छन्।

गर्भवती हुँदा के के गर्नुपर्छ भन्ने कुरा महिलाहरूलाई जानकारी छैन। रातिको समयमा केही भयो भने डाक्टर नै नआउने, छटपटिएर ज्यान गुमाउने पर्ने अवस्था रहेको गाउँलेको गुनासो छ।

नेपाल सरकारले कोरोनाको महामारीमा प्रभावित भएका विपन्न, मजदूर, दलित परिवारलाई १० हजार राहत दिने गरेको घोषणाबारे उनीहरूलाई जानकारी गराइएको छैन।

प्रदेश सरकारको जनता आवास कार्यक्रमकोक आवश्यकता रहेकोतर्फ स्थानीय सरकार र जनप्रतिनिधिहरूले ध्यान दिनु जरूरी छ।

## चारवटा प्रहरी चौकीको उद्घाटन

प्रस, सेढवा, ८ माघ/

पर्सा जिल्लाको चारवटा प्रहरी चौकीको भवन उद्घाटन भएको छ।

जिल्ला प्रहरी कार्यालय, पर्साका प्रहरी उपरीक्षक रमेशकुमार बस्नेतले शुक्रवार चारवटा प्रहरी चौकीको एकैदिन उद्घाटन गरेका हुन्।

प्रहरी चौकी सबैठवा, पाँडेपुर, महादेवपट्टी र प्रहरी चौकी सुवर्णपुरको प्रउ बस्नेतले हिजो उद्घाटन गरेका थिए। प्रदेश सरकारको एक करोड चौवालीस लाख लागतमा चारवटै चौकीको निर्माण सम्पन्न भएको हो।

कार्यक्रममा प्रहरी नायब उपरीक्षक प्रह्लाद कार्की, जीराभवानी गापाकी उपप्रमुख उषादेवी थरूनी, वडाध्यक्ष शेख नुमान आजमलगायत विभिन्न राजनीतिक दल, स्थानीयवासीको सहभागिता थियो।

प्रहरी चौकीको भवन उद्घाटन गर्दै प्रउ बस्नेत। तस्वीरः प्रतीक



## पाँच दिनको अवधिमा ५० लाख बरामद

प्रस, महोत्तरी, ८ माघ/

बितेको पाँच दिनको अवधिमा प्रहरीले महोत्तरी जिल्लाका विभिन्न स्थानबाट ५० लाख रुपियाँ नगद बरामद गरेको छ। सोही अवधिमा केही नक्कली नोट र चेकसमेत बरामद भएको प्रहरीले जनाएको छ।

स्रोत नखुलेको रु ५० लाखसहित पाँचजनालाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय, महोत्तरीले शनिवार जनाएको हो। महोत्तरीका प्रहरी प्रमुख, प्रहरी उपरीक्षक दिनेशकुमार आचार्यले सो अवधिमा स्रोत नखुलेको रु ४६ लाख चार हजार २०० र रु १५ लाख ३६ हजार बराबरको चेक बरामद भएको बताए। त्यसैगरी दुई हजार जाली नोट र करीब रु तीन लाख नक्कली नोट बनाउने कागज पनि बरामद भएको उपरीक्षक आचार्यले जानकारी दिए।

प्रहरीको अनुसार माघ ३ गते जिल्लाको मटिहानी नगरपालिका–८ नेपाल–भारत दशगजा क्षेत्रबाट स्रोत

(बाँकी तेस्रो पातामा)

## सिमरा सेजमा लगानीकर्ता तान्न जग्गाको भाडा दर घटाइँदै

राधेश्याम पटेल, वीरगंज, ८ माघ/

विशेष आर्थिक क्षेत्र (स्पेशल इकोनोमिक जोन–सेज) सिमरामा लगानीकर्ता तान्न सरकारले जग्गाको भाडा दर घटाउने भएको छ। तीन वर्ष अघि रु २० प्रतिवर्गमिटरमा टेन्डर आह्वान गरेको विशेष आर्थिक क्षेत्र प्राधिकरणले अब करीब रु १० प्रतिवर्ग मिटरमैं जग्गा उपलब्ध गराउने तयारी गरेको छ।

उद्योग मन्त्रालय मातहत रहेको विशेष आर्थिक क्षेत्र प्राधिकरणका महानिर्देशक डा. चण्डिकाप्रसाद भट्टले जिम्मेदारी सम्हालेपछि सिमरा सेजमा उद्योगी–व्यवसायी तान्न कसरत शुरू गरेका हुन्। यस अघिका महानिर्देशकहरूले लगानीमैत्री नीति नल्याएपछि उद्योगी व्यवसायीहरू सेजको जग्गा भाडा लिएर उद्योग लगाउन अग्रसर नभएको बताइएको छ।

हालका महानिर्देशक भट्टले एक साताभित्रै करीब रु १० मा प्रतिवर्गमिटर जग्गा भाडा दिनेगरी मन्त्रालयमा छलफल भइरहेको र फाइल स्वीकृत भइसकेपछि सूचना प्रकाशित गर्ने तयारी रहेको बताए। उनले सबैभन्दा मुख्य कुरा, सेजमा उद्योग लगाउने उद्योगीले ६० प्रतिशत उत्पादन विदेश निर्यात र ४० प्रतिशत स्वदेशमा खपत गर्नुपर्ने बाध्यात्मक सरकारी नीति पनि संशोधन गर्न लागिएको जानकारी गराएका छन्।

"एक त जग्गा भाडा महँगो भयो भन्ने उद्योगीहरूको भनाइ थियो, अर्को जसरी पनि ६० प्रतिशत उत्पादित सामान



विदेश निर्यात गर्नुपर्ने अवस्था थियो, त्यसले धेरै व्यवसायी हच्केका थिए"–उनले भने– "अहिले कुनै उद्योगले ६० प्रतिशत सामान विदेश निर्यात गर्न सकेन भने केही जरिवाना तिरेर उद्योग–व्यवसाय गर्न पाउने नियम संशोधन गर्न लागिएको छ। यसले लगानीकर्ताहरूलाई सिमरा सेजमा ल्याउन मदत मिल्नेछ।"

उनले यस्तो अवस्था भयो भने ७० हजार मासिक भाडामैं लगानीकर्ताले सिमरा सेजमा डेढ बिघा जग्गामा उद्योग लगाउन सक्ने उनको विश्लेषण छ।

तत्कालीन वीरगंज चिनी कारखानाको सरकारी स्वामित्वको जितपुरसिमरा वडा नं ४, १४ र १५ मा रहेको ८३३ बिघा क्षेत्रफलमा २०७३ सालमा विशेष आर्थिक क्षेत्र प्राधिकरण गठन गरी सिमरा सेजको काम अघि बढेको थियो। त्यसबेला प्रधानमन्त्री डा. बाबुराम भट्टराईले सेजको अवधारणाबाट देशमा उद्योग स्थापना गरी निर्यात बढाएर व्यापार घाटा कम गर्ने र स्वदेशमैं रोजगार सृजना गर्न सकिने अपेक्षा राखेका थिए। तर सरकारी नीतिकै कारण उद्योगी व्यवसायी उद्योग लगाउन चासो देखाएका थिएनन्।

करीब अढाई अर्ब खर्च गरी भौतिक पूर्वाधार विकास गरिएको सिमरा सेजमा ए, बी, सी, डी र इ गरी पाँचवटा ब्लक बनाइएको छ। जसमा ए ब्लक ३४३ बिघामा, बी १२८ बिघा, सी साढे ४९ बिघा, डी १७८.५ बिघा र इ १३३ बिघामा फैलिएको छ। हाल ए ब्लकको १६० बिघा जग्गा उद्योग लगाउन तयारी अवस्थामा छ। डेढ बिघाको ६८ वटा प्लट तयारी अवस्थामा रहेको सिमरा सेजका सहायक इन्जिनीयर आनन्द भट्टले बताए। ६३४५ वर्गमिटरदेखि १२२८१ वर्गमिटरसम्मको



डा. चण्डिकाप्रसाद भट्ट

प्लट छ। उनले अहिले बीदेखि इ ब्लकसम्म पर्खाल लगाउने काम भइरहेको छ भने ए ब्लकमा मात्र उद्योग लगाउन भौतिक पूर्वाधार निर्माण कार्य पूरा भएको बताए। उनले एक ब्लकमा प्रशासनिक भवन, बैंक, इन्स्योरेन्स, आवश्यकता अनुसारको चार लेन र दुई लेनका सडकहरू, सडक, नाला, वाटर ट्रिटमेन्ट प्लान्ट, डेकेयर कक्ष, पोस्ट, पोलिक्लिनिक, भन्सार कक्ष, खानेपानी, शौचालयलगायतको सुविधा थप्ने काम सम्पन्न भइसकेको उनले बताए।केही ठाउामा विजुली बत्तीको काम धमाधम भइरहेको पनि बताए। ए ब्लकलाई अहिले सिमरा गार्मेन्ट प्रशोधन क्षेत्र (जिपिजेड अर्थात् गार्मेन्ट प्रोसेसिङ जोन) को लागि घोषणा गरिएको छ।

नेपालको सातवटै प्रदेशमा सेज निर्माण गर्ने सरकारको लक्ष्य रहे पनि हाल भैरहवा, सिमरा र काभ्रेको पाचखालमा सेज सञ्चालनमा आइसकेको छ भने अन्य ठाउँमा सर्भे, डिपिआर तथा जग्गा खोज्ने कामले योजना अड्केको छ।

## विचारसार र सूक्तिहरू

**जो जाग्छ उसैले आफ्नो सपनाबारे बताउन सक्छ ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

# तपको अर्थ हो–निग्रह

निग्रह भन्दछन्–तपलाई । तप के हुन सक्छ ? तप कैयौं हुन सक्छ । मनको तप–एक, इन्द्रियहरूको तप–दुई, समयको तप–तीन र चौथो तप हो–धनको तप । तिमी जे पनि कमाउँछौ, त्यसलाई कहाँ खर्च गर्छौ ? तिमीले कति कमायौ, त्यसको म प्रशंसा गर्दिनँ । होइन, महाराज, म त एक हजार मात्र कमाउँछु । म त्यो सुन्न चाहन्नँ । हजार कमायौ भने पनि तिमी नै जान । तिम्रा पिता हरामको कमाइ छाडेर मर्नुभयो होला, त्यो तिम्रा लागि । दुई हजार कमाएर छाड्नुभयो होला, त्यो पनि तिम्रै लागि । जो बैंकमा काम गर्छन् तीसँग मैले सोधें–तिमी कति कमाउँछौ ? भने–पन्ध्र हजार । मैले सोधें पछि के पाउँछौ ? भने–बोनस, प्रोभिडेन्ट फन्ड आदि गरेर लाख त नाघ्छ, त्यसपछि पेन्शन ।

राम्रो कुरा हो, तर के हो ? यो हो झटारो । एउटा हुन्छ आँप अर्को झटारो । मेट्रिक पास गरेका मानिसले कति पाउनुपर्छ ? केही हजार मात्र । तर म के मात्र सोध्न चाहन्छु भने खर्च कहाँ गर्‍यौ ? पैसाको सम्बन्धमा खर्च सोचीसम्झी गर्नु । भारतीय मनीषी ईश्वरचन्द्र विद्यासागरलाई रु ५०० मासिक पाइन्थ्यो । उनले औसत भारतीयको खर्च जोडे र रु ५० मा आफ्नो खर्च धान्ने निश्चय गरे । बाँकी ४५० रुपियाँ विद्यालयका गरीब विद्यार्थीहरूको पढाइमा खर्च गर्दथे ।

मित्रहरू ! तपस्वीले, आध्यात्मिक जीवनमा प्रवेश गर्नेहरूले तपस्वीको जीवन बाँच्नुपर्छ । तपस्वी जीवनको यो अर्थ हुन्छ कि औसत देशवासीको खर्च अनुसार आफ्नो जीवन बनाउनु । कसैले भन्ला म बढी कमाउँछु, त्यसैले बढी खर्च गर्छु । तर होइन, कमाउन जति कमाऊ, खाने खर्च गर्ने छुट भने पाउन सक्दैनौ । तिमी आफ्नो लागि खर्च गर्ने छुट लिन चाहन्छौ, तिमीलाई तपस्वी भन्न सकिंदैन । तिमी अध्यात्म मार्गको विद्यार्थी हुन सक्दैनौ ।

**आध्यात्मिकताको मुखसँग कुनै सरोकार छैन । आध्यात्मिकता जीवनयापन गर्ने एउछा शैली हो । जीवनयापन गर्ने एउटा विधि हो, सिद्धान्त हो, जीवनलाई परिष्कृत गर्ने पद्धति हो ।**

### सादा जीवन-उच्च विचार

आत्मिक दिशामा हिंडेका मानिसका लागि तिमी खोरन्डो हौ, किनकि तिमीले एउटा खुट्टा आफैं भाँच्यौ । आफ्नो खर्चमा विलासिता बढायौ र औसत देशवासीभन्दा बढी खर्च गर्न थाल्यौ । अध्यात्म जहाँबाट शुरू हुन्छ, त्यहाँबाट सादा जीवन–उच्च विचारको सिद्धान्त लागू हुन्छ । उच्च विचार त्यहीं मात्र हुन्छ, जहाँ सादा जीवन हुन्छ । जहाँ सादा जीवन हुँदैन, त्यहाँ उच्च विचार जन्मन सक्दैन । जब मानिसको जीवनमा विलासिता आउँछ, ऊ आध्यात्मिक हुन सक्दैन । अध्यात्मवादीका लागि यो परम्परा हमेशादेखि रहेको छ । तिमी के कमाउँछौ, मलाई थाहा छैन, तर त्यो खर्च गर्नमा रोक छ, बन्धन छ ।

मित्रहरू ! प्राचीनकालमा जीवन ब्राह्मणको जीवन थियो, साधुको जीवन थियो । कुनै जमानामा ब्राह्मणको जीवनका लागि एउटा बन्धन थियो कि तीन दिनभन्दा बढी खाद्यान्न उसको घरमा हुनुहुँदैन । अब त त्यस्तो बन्धनको कुरा सोच्नै सकिन्न, तर कुनै जमानामा थियो र त्यसको अर्थ यो थियो कि ऊ सम्पन्न हुनुहुन्न । ब्राह्मण त्यसलाई भन्छन् जो आफ्नो व्यक्तिगत जीवनका लागि खर्च गर्ने सम्बन्धमा किफायत गर्दछ । ब्राह्मण त्यसैको नाम हो ? सन्त कसलाई भन्छन् ?

सन्त ब्राह्मणभन्दा पनि किफायतले रहन्छ । ब्राह्मण त तैपनि लुगा लगाउँछ, तर सन्त यस मामिलामा झन् अगाडि हुन्छ । लङ्गौटी लाउनु नै उसका लागि पर्याप्त हुन्छ । अन्न र वस्त्र दुई चीज मात्र आवश्यक हुन्छ ।

### किफायती जीवन-साधुको जीवन

मित्रहरू ! वानप्रस्थको जीवन किफायती जीवन हो । साधुको जीवन किफायती जीवन हो । यदि तिमी किफायती जीवन बाँच्न सक्दैनौ भने म भन्छु तिमीलाई तपश्चर्याको प्रारम्भिक सिद्धान्त पनि थाहा छैन । यदि तपश्चर्याको प्रारम्भिक सिद्धान्त थाहा छैन भने तिम्रो उन्नतिको मार्ग अवरूद्ध छ । तिमी भन्छौ म महादेवलाई फूल चढाउँछु, महादेव तपश्चर्याका मूर्ति हुन् । चाँदीको छत्र चढाउँछु, सुनको मुकुट चढाउँछु । बेइमान मानिस, जस्तो आफू छौ, महादेवलाई पनि त्यस्तै ठान्छौ ।

हामीले किफायती जीवन, आदर्श जीवन, सादा जीवन, उच्च विचार भएको जीवन बाँच्नुपर्छ । उच्च विचार स्थापनाका लागि सादगीपूर्ण जीवन आवश्यक छ । राजा भर्तृहरिलाई सन्न्यासको दीक्षा दिएपछि किफायती जीवन व्यतीत गर्न भनियो । उनले स्वीकार गरे तर सुत्नका लागि तकिया, पंखा र पानी खान गिलास तीन थोक त चाहिन्छ भने ।

तपस्वी जीवन, आध्यात्मिक जीवन जिउनका लागि भर्तृहरि तीनै चीज लिएर हिंडे । एक दिन उनले एकजना किसान खेत जोतेर थकाइ मार्न रूखमुनि हातको तकिया बनाई मस्त निद्रामा सुतेको देखे । उनले तकियाको अनुपयुक्तता बुझे । हिंड्दाहिंड्दा बाटोमा एकजना मानिसलाई घाममा हिंडेर पसिनाले असिनपसिन भएको देखे । त्यो मानिस रूखको छहारीमा आएर आफ्नो कुर्ताले हावा गरेर पसिना सुकाइरहेको देखेर पंखा पनि नचाहिने जिनिस भनेर त्यहीं छाडे । पुनः यात्रा आरम्भ गरे । बाटोमा एकजना तिर्खाएको मानिसलाई अञ्जुलिमा पानी लिएर खाइरहेको देखे । ए, गिलासको के आवश्यकता भनेर गिलास त्यहीं छाडे ।

### वासनालाई नियन्त्रणमा राख

मित्रहरू ! जब आफ्नो इच्छा, वासना कम गर्दै जान्छौ, तिम्रो दरिद्री पनि भाग्छ र तिमीमा दानशीलता आरम्भ हुन्छ । दरिद्रता तबसम्म मात्र छ, जबसम्म तिम्रो हवस र आवश्यकता बढिरहन्छ ।

### इन्द्रियसँग मुकाबला गर्नु हो-तप

मनलाई यसरी तह लगाएर राख्नुपर्छ कि जुन निर्धारित काम गर्नुछ त्यो पूरा गर्न सकियोस् । मनलाई कुटेर, चुटेर यस लायक बनाउनुपर्छ कि हामी जहाँ चाहन्छौं मन त्यहाँ जाओस्, मनले हामीलाई नडोर्‍याओस् । इन्द्रियहरूले भन्छन् स्वेच्छापूर्वक रमण गर्न देऊ, नदेऊ । मन र इन्द्रियहरूसँग निरन्तर सङ्घर्ष गरिरहू । यसै सङ्घर्षको नाम हो–तप । कठिनाई सहनु, इन्द्रियविरुद्ध लडाइँ गर्नु; यही हो–तप ।

आध्यात्मिकता जीवनयापन गर्ने एउटा शैली हो । जीवनयापन गर्ने एउटा विधि हो, सिद्धान्त हो, जीवनलाई परिष्कृत गर्ने पद्धति हो । यस बाटोमा हिंड्यौ भने तपस्वी हुन्छौ । तिमीभित्र तपश्चर्याको उन्माद छ, जसको अर्थ हुन्छ–श्रेष्ठ कामका लागि कठिनाईको सामना गर्नु, खुशीले गर्नु । यदि तिमीमा तपश्चर्याप्रति यो उन्माद उत्पन्न भइरहेको छ भने यसले तिमीलाई आन्तरिक बल प्राप्त हुन्छ, जुन भौतिक जीवनको सफलताका लागि आवश्यक हुन्छ ।

भौतिक जीवनको सफलताका लागि मानिसमा श्रम र ज्ञान हुनु आवश्यक छ, र त्योभन्दा आवश्यक छ कि मानिस तपस्वी होस् । यो त्यो चीज हो, जसलाई हामी सम्पदा भन्दछौं, गौरव भन्दछौं, सिद्धि भन्दछौं, जुन आफूलाई पनि काम लाग्छ र अरूको भलो गर्न पनि काम लाग्छ ।

मित्रहरू ! यदि तिमीहरू बहिरङ्ग जीवनमा यो अनुभव गर्दछौ कि मभित्र कुनै यस्तो विशेषता छ जसबाट आफूबाहेक अरूको पनि भलो गर्न सक्छु, यो तिमीहरूभित्र तबसम्म आउन सक्दैन, जबसम्म तपश्चर्याको सिद्धान्त स्वीकार गर्दैनौ । तपस्वी जीवन हाम्रो बहिरङ्ग जीवनको परिष्कारको नियम र पद्धति हो । घाटा अवश्य हुन्छ, तकलिफ अवश्य उठाउनुपर्छ, तर यो निश्चय छ कि यस मार्गमा जति पनि कठिनाई हुन्छ त्यसको अपेक्षा हजारौं–लाखौं गुणा बढी लाभ पाउने गुन्जाइश हुन्छ । यदि तिमीले यस्तो कुनै व्रत लिएका छौ भने तिमी अवश्य सफल हुन्छौ ।

# अनौपचारिक अर्थतन्त्र र आर्थिक असमानता

समयान्तर



ओमप्रकाश खनाल
omkhanal@gmail.com

**स्मरण रहोस्, बाबुराम भट्टराई अर्थमन्त्री भएको समयमा भन्सारमा दस्तुरी बन्द भएको थियो । एउटा नेता मात्रै इमानदार हुँदा प्रणालीमैं सुधार आउँछ भन्ने यो एउटा उदाहरणमात्रै हो । अनौपचारिक अर्थतन्त्रलाई औपचारिक दायराभित्र ल्याउन राजनीतिक इमानदारी पहिलो शर्त हो ।**

वीरगंजको एउटा औपचारिक कार्यक्रममा तत्कालीन अर्थमन्त्रीले भनेका थिए–नेपालमा अनौपचारिक अर्थतन्त्रको आकार कुल गार्हस्थ्य उत्पादन (जिडिपी) को ५० प्रतिशत बराबर छ । देशको अर्थतन्त्रलाई गति र दिशा दिने मन्त्रालयको नेतृत्वकर्ताको यो भनाइलाई आधार मान्ने हो भने अहिले हामीकहाँ अनौपचारिक अर्थतन्त्रको आकार २० खर्ब रुपियाँभन्दा माथि हुनुपर्दछ । यो नेपालको वास्तविक बजेटको तुलनामा करीब दोब्बर हो । यो तथ्यलाई आधार मान्ने हो भने अहिले हाम्रो जिडिपी ६० खर्ब रुपियाँभन्दा माथि हुनुपर्ने हो ।

त्यस्तै केही समय अघि नेपाल राष्ट्र बैंकले सार्वजनकि गरेको अध्ययन प्रतिवेदनमा भारतबाट हुने कुल कारोबारमध्ये ३५ प्रतिशत अनौपचारिक माध्यमबाट हुन्छ भनिएको थियो । सरकारको आर्थिक सल्लाहकार मानिएको यो निकायको अनुमानलाई आधार मान्ने हो भने गत आर्थिक वर्षभरिमा भारतसित भएको कुल कारोबारका आधारमा सवा ५ खर्ब रुपियाँ बराबरको कारोबार औपचारिक दयराभन्दा बाहिर छ । अर्थात् अनधिकृत आयातनिर्यात भएको छ । सिमानामा खटेका प्रहरी प्रशासन र सीमित दुई नम्बरी व्यापारी मालामाल भएका छन् । देशको अर्थतन्त्रलाई धक्का लागेको छ, यसको परोक्ष मार गरीब जनताको दैनिकीमैं परेको छ । भारतसितको व्यापारमा आयातको अंश बढी भएकोले स्वाभाविकरूपमा अनधिकृतरूपमा भित्रिने मालसामानको परिमाण नै बढी हुन्छ । यो आकार बर्सेनि बढ्दो छ ।

अपवादबाहेक बर्सेनि जिडिपी विस्तार भइराखेको हुन्छ । योसँगै भूमिगत अर्थतन्त्रको आकार पनि बढिराखेको छ । यस्तो अर्थतन्त्र स्वस्थ मानिंदैन । आयको असमान वितरण, कालोधनको सञ्चय र धनी र गरीबबीच बढ्दो खाडल अनौपचारिक अर्थतन्त्रका असरहरू हुन् । अनौपचारिक कारोबारबाट आएको आर्जन सीमिति माफिया र तिनका संरक्षकको पोल्टामा जाने अवस्था हुन्छ । यस्तोमा सरकारी आय खुम्चिन्छ । अर्थतन्त्रको वास्तविक दायरा औपचारिक रूपमा अभिलेखीकरण नभएसम्म त्यसको कुप्रभाव विकासका योजना र त्यसको वितरणमा पर्दछ । सरकारसँग योजनाका लागि रकम नहुने, तर अर्थतन्त्रको ठूलो हिस्सा अभिलेखमैं नरहनुले त्यसको लाभ माफियाहरू र तिनका संरक्षकलाई मात्रै पुग्छ ।

लोककल्याणाकारी राज्यको अवधारणामा पूँजीपतिबाट प्रगतिशील कर लिएर त्यसबाट आएको रकमबाट गरीबमुखी योजना ल्याउनुपर्ने मान्यता राखिन्छ । विकास योजनामार्फत तल्लो तहका जनतालाई माथि उकास्ने उद्देश्य राज्यको हुन्छ/हुनुपर्दछ । हामीकहाँ न राज्य सञ्चालकको आचरणा लोककल्याणमा केन्द्रित छ, न पूँजीपतिहरूको नियत नै सफा छ । राज्य सञ्चालनको तहमा रहेकाहरू नीतिगत चलखेलमार्फत केही पूँजीपतिलाई लाभ पुर्‍याएर आफ्नो आर्थिक र राजनीतिक दुनो सोझ्याउन उद्यत देखिएका छन् । नीतिमात्र होइन, कानून नै फेरेर व्यापारिक घराना पोस्ने, सार्वजनिक खरीदमा कमिशन, भ्रष्टाचार, राज्यको स्रोतमा सीमित पहुँचवालाहरूको वर्चस्वको वातारण मिलाउनेजस्ता प्रपञ्च सार्वजनिक भइराखेकै छन् । जनताको नाममा राजनीति गर्नेहरू नै आसेपासे पूँजीवादको पक्षपोषणमा आफूलाई नै बदनाम गराउनु सामान्य कर्म ठान्छन् भने जसरी पनि नाफा कमाउने उद्देश्य राख्ने पूँजीपतिहरूबाट के अपेक्षा राख्न सकिन्छ ?

आज विश्वको ९९ प्रतिशत गरीबहरूसँग भन्दा १ प्रतिशत धनीहरूसँग बढी सम्पत्ति छ । यो व्यापक आर्थिक असमानता कसरी सम्भव भयो ? यस्तै अनौपचारिक अर्थतन्त्र र आसेपासे पूँजीवादको परिणाम विश्वको अर्थ–राजनीतिमैं आर्थिक असमानता डरलाग्दो तरीकाले बढ्दै गएको छ । अहिले कोरोना महामारीका कारण यो समस्या अझ चर्किने देखिएको छ । बितेको दुई वर्षमा करोडौं मानिसको रोजगार गुमेको छ । लाखौं मानिस निरपेक्ष गरीबीको रेखामुनि धकेलिएका छन् । सन् २०२२ मा आर्थिक असमानताको खाडल अझ विस्तार हुने अनुमान आइराखेको छ । यही महामारीबीच पनि विश्वका १० धनाढ्यहरूले आफ्नो सम्पत्ति दोब्बर बढाएको समाचार पनि आइराखेका छन् । आर्थिक अवसरहरूमा यस्तो असमानता किन भइराखेको छ ? यो आज विश्वकै आर्थिक, राजनीतिक, सामाजिक र सांस्कृतिक स्थायित्वका निम्ति गम्भीर चिन्ताको विषय बनेको छ ।

बेलायतका केही धनाढ्यहरूले बढ्दो आर्थिक असमानताका कारण सामाजिक विग्रह र अशान्ति आउन सक्ने भन्दै आफ्नो सम्पत्तिमा प्रगतिशील कर लिएर गरीबमा वितरण गर्न आग्रह गरेका थिए । वितरणको अर्थ हामीकहाँजस्तो भत्ता र अनुत्पादनक वितरण भने पक्कै होइन । यस्तो रकम रचनात्मक योजनामा खर्चिनु पर्दछ, जसबाट लक्षित वर्गको आयस्तरमा सुधार गर्न सकियोस् । सरकारले अप्रत्यक्ष कर घटाएर प्रत्यक्ष कर बढाउने उपाय गर्नुपर्दछ । यो भनेको अहिले भन्सारको छेको थापेर कर उठाउने र त्यसैलाई उपलब्धिको रूपमा प्रचार गर्ने होइन । जनताको आयस्तर बढाउने र बढी आय गर्नेबाट बढी कर लिएर जनहितमुखी योजनामा व्यापक खर्च गर्ने भन्ने हो । आय करको दायरा बढाउने हो । यसै पनि आयात र उपभोगमा लगाइने कर आम उपभोक्तामाथिको शोषण हो । आज आय कर तिर्नेहरू अत्यन्तै कम छन् । आयकर तिर्ने जनताको सङ्ख्या कसरी बढाउन सकिन्छ ? त्यतातिर आफ्नो नीति र योजना केन्द्रित गर्न ढिलाइ भइसकेको छ ।

कुनै पनि विकास योजना बनाउँदा त्यसको आर्थिक सम्भाव्यता छ कि छैन ? त्यसबाट स्थानीय जनताको आर्थिक अवस्थामा सुधार आउँछ कि आउँदैन भन्ने कुरामा ध्यान दिनुपर्दछ । यस्ता योजनाले लाभ दिन सक्ने पनि एउटा समयसीमा हुन्छ । हामीकहाँ कुनै यस्तो योजना फेला पार्न कठिन छ, जुन तोकिएको समयमा पूरा भएको होस् । हामीकहाँ त दशकौंसम्म पूरा नहुने योजनालाई राष्ट्रिय गौरवको नाम दिने अनौठो विकृति विस्तार भइराखेको छ । योजना छनोटको आधार सम्भाव्यता होइन, राजनीतिक आग्रह र प्रभावशाली नेताको लहड निर्णायक बन्ने गरेको छ । प्रकारान्तरले यस्ता योजनाहरू राज्यको स्रोत बर्बादीका उपक्रममात्र बनेका छन् । अन्ततः यसले बढाउने भनेको नै आर्थिक असमानता हो ।

राजनीतिक अस्थिरतालाई विभिन्न स्वार्थ समूहले आफ्नो स्वार्थ अनुसार दुरूपयोग गर्ने प्रवृत्तिले कालो अर्थतन्त्र अस्वाभाविकरूपमा मौलाइराखेको छ । विगतमा बलियो बहुमत प्राप्त स्थिर सरकार बनेपछि सुधारको अपेक्षा गरिएको थियो । तर, त्यो सरकार नै आसेपासे पूँजीपतिको संरक्षक बनेर उभियो । त्यस अन्तरालमा यतीदेखि ओम्नीसम्म भएका साँठगाँठ, औषधि खरीदमा भ्रष्टाचारदेखि प्रेस खरीद प्रकरणाले बलियो बहुमतको असली धरातल छरपस्ट पारिदियो ।

अनौपचारिक अर्थतन्त्रको मुख्य कारण अनधिकृत व्यापार पनि हो । नेपालको दक्षिणी क्षेत्र उत्पादन र आपूर्तिको प्रस्थान बिन्दुमात्र होइन, अनधिकृत आयात निर्यातको पनि उर्वर क्षेत्र हो । जनसङ्ख्या, आवागमन, सहज मुद्रा, भाषा, संस्कृतिमा समानताजस्ता कारणाले दक्षिणातिरका आर्थिक सरोकारहरू तुलनात्मकरूपमा फराकिला छन् । सरकारी निकायहरू (प्रहरी, प्रशासन, भन्सार, कर, राजस्व) कै मिलेमतोमा हुने तस्करी, न्यून बिजकीकरण, कर छलीजस्ता गतिविधिको मुहान र कतिपय अवस्थामा गन्तव्य पनि दक्षिणी सिमानामैं बढी समेटिएका छन् । कृषि, उत्पादन र स्वास्थ्य, शिक्षा, परामर्श, पर्यटन, निर्माण, सहकारीजस्ता सेवा क्षेत्रमा अनेक आवरणमा अनौपचारिकताका विकृति व्याप्त छन् ।

नियम कानूनको अपर्याप्तता र भएका कानूनको प्रभावकारी कार्यान्वयनको अभावले अल्पविकसित देशमा अनधिकृत अर्थतन्त्रको दायरा विकसित मुलुकको तुलनामा बढी भएको पाइन्छ । अल्पविकसित देशमा राज्य संयन्त्र आफैंमा सबल नहुनुले पनि असङ्गठित क्षेत्रहरू विस्तार भइराखेका हुन्छन् । नेपालको सन्दर्भमा राजनीतिक सङ्क्रमण र यसको आडमा मौलाएको भ्रष्टाचारले अनौपचारिक अर्थतन्त्रलाई संरक्षण दिएको हो । राजनीतिक सङ्क्रमण सकिए पनि राजनीतिक अस्थिरता हटेको छैन । पदमा पुग्नेहरूलाई कसरी कमाउने भन्ने ध्याउन्न मुख्य समस्या देखिएको छ । खर्चिलो निर्वाचन, राजनीतिक भ्रष्टाचार मौलाउनुको कारण बनेको छ । चुनाव जित्न करोडौं खर्च गर्नुपर्ने, त्यसका लागि व्यापारीहरूसित सहयोग लिनुपर्ने र उनीहरूको हितमा काम गर्नुपर्ने अवस्थाका कारण आम आर्थिक हितका विषय प्राथमिकतामा पर्न सकेका छैनन् ।

भूमिगत अर्थतन्त्रको पहिचान गरी त्यसलाई अर्थतन्त्रको मूल प्रवाहमा समाहित गर्दा राज्यको आर्थिक स्रोतको अभिवृद्धि हुन्छ । आर्थिक स्रोतको सदुपयोग त्योभन्दा पनि महत्त्वको विषय हो । हामीकहाँ सत्ता सञ्चालनको तहमा बसेको राजनीति र कर्मचारीतन्त्र राज्यको स्रोत दुरूपयोगको मतियार बनेको अवस्था छ । खासमा राजनीति इमानदार हुने हो भने विकृति समाधानमा समय लाग्दैन । ट्रान्सपरेन्सी इन्टरनेशनलले बारम्बार हामीकहाँ सबैभन्दा बढी भ्रष्टाचार राजनीतिक क्षेत्रमा रहेको औंल्याउँदै आएको छ । स्मरण रहोस्, बाबुराम भट्टराई अर्थमन्त्री भएको समयमा भन्सारमा दस्तुरी बन्द भएको थियो । एउटा नेता मात्रै इमानदार हुँदा प्रणालीमैं सुधार आउँछ भन्ने यो एउटा उदाहरणमात्रै हो । अनौपचारिक अर्थतन्त्रलाई औपचारिक दायराभित्र ल्याउन राजनीतिक इमानदारी प्राथमिक शर्त हो ।

## मधेसी सबैले गम्नुपर्ने लेख

पाठक प्रतिक्रिया

७ गतेको प्रतीक प्राप्त भयो । ‘वीरगंज : प्रादेशिक राजधानी कि आर्थिक राजधानी ?’ शीर्षकमा विश्वराज अधिकारीको लेख पाएँ । हिन्दुस्तानमा के भइरहेको छ आज ? चुनावमा जातिपाति र हिन्दू–मुस्लिमलाई आपसमा लडाएर वास्तविक मुद्दा ओझेलमा पारिएको छ । वास्तविक मुद्दा त गरीबी र बेरोजगार हो । बेरोजगारी समाधान गर्ने त्यहाँ कुनै उपाय देखिंदैन । परिवार नियोजन गरिएन भने कुनै माईको लालले बेरोजगारी अन्त गर्न सक्दैन । अतः गरीबी निवारण नै ठोस मुद्दा हुनुपर्छ । तर गरीबहरू केमा मख्ख छन् ? बिजुली सित्तै, पानी सित्तै तथा लैपटप र स्कूटीको तात्कालिक र क्षणिक लाभ । त्यसपछि बाँकी रहने जातपात र हिन्दू–मुस्लिमको लडाइँ मात्र त हो । त्यही समाचारले त टिभी भरिएको छ । यो लडाइँ जीवित पात्रमा मात्र देखिंदैन, धूर्त राजनीतिज्ञहरूले मृतकहरूलाई पनि लडाइरहेका छन्–नेहरूलाई पटेलसँग, अम्बेडकरलाई गाँधीसँग । के हो यो ? यही हो राजनीतिक धूर्तता ।

नेपालको मुख्य मुद्दा के हो ? मेरो विचारमा लोकतन्त्र र सङ्घीयताको सबलीकरण पहिलो; विकास र गरीबी नियन्त्रण दोस्रो । राजधानी जनकपुर होस् वा वीरगंज, के फरक पर्छ ? जहाँ भए पनि यस निर्णयले सङ्घीयतालाई नै मजबुत पार्छ । तर यसैमा लडाइँ छ । कस–कसबीच ? मधेसी–मधेसीबीच घमासान चलिरहेको छ । अरू पार्टी र सङ्घीयता विरोधीहरू हाँस्दै, थपडी बजाउँदै तमाशा हेरिरहेका छन् । लेखकले जे बताएका छन् त्यसमा सबैले गम्नु जरूरी छ । वीरगंज आर्थिक राजधानी नै बन्न लायक छ । लेखकको भिजनको म सराहना गर्दछु ।

डा.शिवशङ्कर यादव, छपकैया, वीरगंज

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## भारतमा एकै दिन थप तीन लाख ३७ हजार सङ्क्रमित

नयाँ दिल्ली, ८ माघ/एएनआई

भारतमा कोरोना भाइरसबाट पछिल्लो एक दिनमा थप तीन लाख ३७ हजार ७०४ जना सङ्क्रमित भएका छन्।

सरकारी अधिकारीले शनिवार दिएको जानकारी अनुसार अघिल्लो दिनको तुलनामा नौ हजार ५५० कम सङ्क्रमित भएका हुन्।

अघिल्लो दिन तीन लाख ४७ हजार २५४ जना नयाँ सङ्क्रमित थपिएको स्वास्थ्य मन्त्रालयले जनाएको थियो।

दैनिक सङ्क्रमितको सङ्ख्या घटेपनि सङ्क्रमित अवस्थामैं रहेकाको कुल सङ्ख्या भने बढिरहेको छ। मन्त्रालयका अनुसार भारतमा अहिले २१ लाख १३ हजार ३६५ सङ्क्रमित अवस्थामा छन्।




सोही अवधिमा सङ्क्रमणमुक्त हुने दुई लाख ४२ हजार ६७६ रहेको मन्त्रालयले जनाएको छ।

योसँगै अहिलेसम्म सङ्क्रमणमुक्त भएकाको कुल सङ्ख्या तीन करोड ६३ लाख एक हजार ४८२ पुगेको अधिकारीले जानकारी दिएका छन्।

भारतमा अहिलेसम्म चार लाख ८८ हजार ८८४ जनाको कोरोनाका कारण मृत्यु भएको छ भने तीमध्ये पछिल्लो २४ घण्टामा ४८८ को मृत्यु भएको छ।

**पाकिस्तानमा विद्यालय बन्द**

कोरोना भाइरसको महामारी बढ्दै गएपछि पाकिस्तानका विद्यालय बन्द गर्ने घोषणा गरिएको छ।

कोरोना भाइरसबाट सङ्क्रमित भएकामध्ये एक हजारभन्दा बढी बिरामी अहिले पनि आइसियुमा रहेकाले सतर्कता बढाउनुपरेको अधिकारीको भनाइ छ।

महामारी थप फैलिन नदिन सरकारले देशभरिका सबै विद्यालय एक हप्ता बन्द गर्ने निर्णय गरेको हो।

"सबै प्रकारका शैक्षिक संस्था एक हप्ता बन्द गर्ने निर्णय भएको छ"– सरकारी निकायद्वारा जारी वक्तव्यमा लेखिएको छ।

पछिल्लो २४ घण्टामा पाकिस्तानमा कोरोनाका कारण १२ जनाको मृत्यु भएको छ। कोरोनाका कारण पाकिस्तानमा अहिलेसम्म २९,०७७ जनाको मृत्यु भएको विवरण सार्वजनिक गरिएको छ।

सोही अवधिमा देशभर १३ लाख ६० हजार १९ सङ्क्रमित छन्। तीमध्ये ६५४० पछिल्लो २४ घण्टामा थपिएका हुन्।

महामारीको प्रभाव सबैभन्दा धेरै दक्षिणी सिन्ध प्रान्तमा परेको छ।

पाकिस्तानमा अहिले कोरोना भाइरसको पाँचौं चरणको महामारी शुरू भएको सरकारी अधिकारीले घोषणा गरेका छन्। रासस

## चीनका लागि उडान स्थगित गर्ने बाइडेन प्रशासनको निर्णय अव्यावहारिक- बेइजिङ

वाशिंगटन, अमेरिका, ८ माघ/एएनआई

पछिल्लो समय उडान स्थगित गर्ने विषयमा अमेरिका र चीनबीच तनाव बढ्दै गएको छ। चीनले अमेरिकाबाट चीनका लागि ४४ उडान स्थगित गर्ने बाइडेन प्रशासनको निर्णयलाई अत्यन्तै अव्यावहारिक बताएको छ।

वाशिंगटनमा चिनियाँ दूतावासका प्रवक्ता लिउ पेङ्ग्युले स्पुतनिकलाई बताए अनुसार–"अमेरिकाले यस भूमिमा चिनियाँ एयरलाइन्सको उडानहरू स्थगित गर्नु अत्यन्तै अव्यावहारिक हो। हामी अमेरिकालाई चिनियाँ एयरलाइन्सद्वारा सञ्चालित सामान्य यात्रु उडानहरू


वाशिंगटनस्थित अन्तर्राष्ट्रिय विमान स्थल। तस्वीरः एएफपी

अवरोध र प्रतिबन्ध लगाउने कार्य रोक्न आग्रह गर्दछौं।"

बाइडेन प्रशासनले कोभिड–१९ को कारण जनाउँदै केही अमेरिकी उडानहरू स्थगित गर्ने चिनियाँ सरकारको निर्णयको बदलास्वरूप अमेरिकाबाट चीनका लागि ४४ उडान स्थगित गरेको थियो।

चीनका लागि निलम्बित उडानहरू जनवरी ३० देखि शुरू हुन्छ र सियामेन एयरलाइन्स, चाइना साउदर्न एयरलाइन्स कम्पनी र एयर चाइनाका उडानहरू त्यसमा पर्नेछन्, स्पुतनिकले जनाएको छ।

चीनले भर्खरै कोभिड–१९ सङ्क्रमित यात्रुहरूको वृद्धिका कारण आफ्नो देश आउने केही अमेरिकी उडान रद्द गरेको बताएको छ। चीनको नागरिक उड्डयन प्राधिकरणले जनवरी १९ सम्म बाइडेन प्रशासनको बारम्बार आपत्तिका बावजुद ४४ यात्रु उडान निलम्बित गरेको छ। रासस

## स्लोभाकियाका सभामुख र रक्षा मन्त्रीलाई सङ्क्रमण

स्लोभाकिया, ८ माघ/सिन्हवा

स्लोभाकियाका सभामुख र रक्षामन्त्री कोरोना भाइरसबाट सङ्क्रमित भएका छन्।


स्लोभाकियाका सभामुख इगोर जोर्किक। तस्वीरः सिन्हवा

सभामुख इगोर जोर्किक सङ्क्रमित भएपछि अहिले सेल्फ आइसोलेशनमा बस्नु भएको संसद् सचिवालयले जनाएको छ।

त्यसैगरी रक्षामन्त्री मातेज टोनिनले पनि आफू कोरोना भाइरसबाट सङ्क्रमित भएको सामाजिक सञ्जालमार्फत जानकारी दिएका छन्।

सभामुख जोर्किक गत बिहीवार सङ्क्रमित भएका हुन्। त्यो दिन देशभरि गरेर कुल नौ हजार ८५८ नयाँ सङ्क्रमित थपिएका थिए।

त्यसैगरी रक्षामन्त्री टोनिन भने शुक्रवार सङ्क्रमित भएको पुष्टि भएको हो। उनले आफूलाई कुनै लक्षण नदेखिएको र कुनै समस्या पनि नभएको स्पष्ट पारेका छन्।

स्लोभाकियामा अहिले सभामुख र रक्षामन्त्रीसहित कुल ९६ हजार ४८१ सक्रिय सङ्क्रमित रहेको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

मन्त्रालयका अनुसार कुल जनसङ्ख्याको पाँच प्रतिशत मानिस सङ्क्रमित भएका छन्। रासस

## नेपाली सेनाको हवाईसेवाः धेरैको बच्यो ज्यान

जाजरकोट, ८ माघ/रासस

नेपाली सेनाको पश्चिम कमान्डले सञ्चालन गरेको हवाईसेवाले धेरै सर्वसाधारणको ज्यान बचाएको छ। विकेन्द्रित संरचनामा गएको सेनाले पछिल्लो समय पश्चिम कमान्ड अन्तर्गत सुर्खेतको वीरेन्द्रनगरबाट हवाईसेवा शुरू गरेपछि धेरैको ज्यान बचेको हो।

कर्णाली, सुदूरपश्चिम तथा लुम्बिनीका दुई जिल्लामा पश्चिम कमान्डले काम गर्दै आएको छ।

सुत्केरी तथा प्राकृतिक प्रकोप र विपद्मा परेका सर्वसाधारणलाई नेपाली सेनाको पश्चिम कमान्ड अन्तर्गतको हवाई सेवामार्फत उद्धार गरी सुविधा सम्पन्न ठाउँमा ल्याई उपचारमा सहयोग गर्दै आएको छ। २०७६ साल भदौ १७ मा पश्चिम कमान्ड अन्तर्गत नेपाली सेनाले वीरेन्द्रनगरमा पश्चिम हवाई सेवा स्थापना गरी उद्धार कार्यलाई प्रभावकारी बनाउन शुरू गरेको थियो। शुरूमा काठमाडौंबाट हुने उडानहरू २०७६ साल भदौ १७ देखि सुर्खेतबाट नै तीनवटा प्रदेशमा हुँदै आएको छ।

तीनवटा प्रदेशलाई जोडेर सेनाले पश्चिम कमान्ड स्थापना गरेको हो। लुम्बिनीको बाँके, बर्दिया, सुदूरपश्चिम र कर्णालीको पूरै भाग समेटेर पश्चिम एअर बेसबाट उडान कार्य हुँदै आएको छ। उद्धारका लागि तीनवटा हेलिकोप्टरसहित उडान दलसमेत तयारी हालतमा राखिएको पश्चिम कमान्डका प्राविधिक प्रमुख सेनानी रचन श्रेष्ठले बताए। यो वर्ष मात्र गर्भवती र सुत्केरी ४८ जनाको हालसम्म उद्धार गरी सुविधा सम्पन्न ठाउँमा ल्याइएको छ। २७ वटा अन्य उद्धारका काम भएको पश्चिम हवाईसेवा कार्यालयले बताएको छ। २०७७ सालमा ३४ गर्भवती, अन्य २३ र २०७६ मा ३५ गर्भवती र अन्य १९ जनाको उद्धार गरिएको प्रमुख सेनानी श्रेष्ठले बताए।

पश्चिममा एअर बेस स्थापनासँगै उद्धार छिटोछरितो भएको स्थानीयवासीले बताएका छन्। पश्चिम क्षेत्रमा सवारी दुर्घटना, बाढी–पहिरो, हिउँ–पहिरामा परी घाइते भएकालाई समेत सेनाले हेलिकोप्टरबाट उद्धार गर्दै आएको छ। त्यस्तै राहत वितरणमा समेत नेपाली सेनाले उडान भर्दै आएको छ। प्राकृतिक विपत्तिमा आफ्नै मेडिकल टिम खटाएरसमेत सेनाले जनसेवा गर्दै आएको पश्चिम कमान्डका मेजर जनरल प्रेम शाहीले बताए। पश्चिम कमान्डको एअर बेसलाई अझै पूर्ण क्षमतामा सञ्चालन गर्नुपर्ने यस क्षेत्रका सर्वसाधारणको माग छ। पश्चिम एअर बेसबाट सबैभन्दा बढी डोल्पा, हुम्ला, मुगु र जाजरकोटबाट गर्भवतीको उद्धार गरिएको छ।

राष्ट्रपति महिला उद्धार कोषमार्फत सेनाले उक्त उद्धारका काम गर्दै आएको हो। राष्ट्रपति महिला उत्थान कार्यक्रम आर्थिक वर्ष २०७५–७६ देखि शुरू भएको थियो। दुर्गम हिमाली तथा पहाडी क्षेत्रमा गर्भवती तथा सुत्केरी हुने अवस्थामा स्वास्थ्य समस्या सिर्जना भई ज्यान जोखिममा परेका महिलालाई हवाई उद्धार गरी तोकिएको अस्पतालमा पुऱ्याउने काम सेनाले गर्दै आएको छ। सेनाले उद्धार गरी गुणस्तरयुक्त स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्थामा ल्याएर ज्यान बचाउने गरेको छ।

हवाई उद्धारका लागि कार्यविधि २०७५ साल कात्तिक ३० को मन्त्रीस्तरीय निर्णयबाट कार्यान्वयनमा ल्याइएको थियो। हवाई उद्धार गरी सुविधा सम्पन्न अस्पतालसम्म ल्याइएकी ज्यान जोखिममा परेकी महिलाको सुत्केरी पोषण स्याहार तथा यातायात सहयोगका लागि एकमुस्ट बीस हजार उपलब्ध गराउने व्यवस्थासमेत रहेको छ। पूर्णरूपमा हवाई उद्धार हुने १८ जिल्लाहरूमा ताप्लेजुङ, सँखुवासभा, भोजपुर, खोटाङ, सोलुखुम्बु, ओखलढुङ्गा, मनाङ, मुस्ताङ, रूकुमपूर्व, रूकुमपश्चिम, जाजरकोट, डोल्पा, कालीकोट, मुगु, हुम्ला, बाजुरा, अछाम र दार्चुला रहेका छन्।

त्यस्तै आंशिकरूपमा २९ जिल्लामा पनि उद्धार हुँदै आएको छ। डोल्पाको फोक्सुन्डो गाउँपालिकाका उपाध्यक्ष धावा सम्डुक गुरुङले हाम्रो जस्तो सञ्चारदेखि सडक सुविधा नभएको ठाउँमा यो कार्यक्रम अत्यन्तै प्रभावकारी भएको बताए। उनले यो कार्यक्रम नभएको भए धेरै गर्भवतीको ज्यान जान सक्थ्यो भन्दै अझै प्रभावकारी बनाउनुपर्ने बताए।

"आर्थिक अवस्था कमजोर भएको जिल्लामा सञ्चारमा सबैको पहुँच छैन, फोन गर्न एक दिन हिंडेर जानुपर्छ, जनप्रतिनिधिको सूचनाका आधारमा अहिलेसम्मका सुत्केरीको उद्धार भएको छ, त्यसैले यहाँका सबै नागरिकलाई समानरूपमा समेट्ने प्रयास यो कार्यक्रममार्फत गर्ने प्रयास गरेका छौं।"

### के के आउँछ उद्धार गर्दा समस्या ?

हेलिकोप्टरबाट उद्धार आफैंमा जटिल कार्य हो। हेलिकोप्टर अवतरण गर्ने ठाउँ, भूगोल र मौसमबारे जानकारी नहुँदा हरेक उडानमा समस्या हुने गरेको छ। तोकिएको समयभन्दा बढी समय लाग्दा हवाई यात्रामा धेरैपटक जटिलता आउने गरेको प्रमुख सेनानी श्रेष्ठले बताए। अधिकांश ठाउँमा हेलिकोप्टर अवतरण गर्दा ठाउँ नै नभएको अवस्था हुने गरेकोसमेत उनले बताए। छिनछिनमैं मौसम परिवर्तन हुँदा अर्को समस्या आउने गरेको छ। सूचना सही नपाउँदा हैरानसमेत खेप्नुपरेको थुप्रै उदाहरण रहेको उनले बताए। उडान गर्दा लामो समय हुँदा हेलिकोप्टरमा इन्धनको समस्यादेखि हाइअल्टिच्युट हुने खतरा बढ्ने गरेको छ।



हवाईसेवामार्फत सुत्केरीको उद्धार गर्दै नेपाली सेना। तस्वीर : फाइल/रासस

### पाँच दिनको अवधि....

नखुलेको ३० लाख नगदसहित मटिहानी नपा– ३ बस्ने २३ वर्षीय सहाउद्दिन राइन पक्राउ परेका थिए। सोही दिन जलेश्वर नपा–३ भन्सार कार्यालय जलेश्वर अगाडिबाट तीन लाख रुपियाँसहित दुई जना पक्राउ परेका थिए। पक्राउ पर्नेमा धनुषा जिल्लाको जनकपुर उमनपा–६ बस्ने २६ वर्षीय मोहम्मद जाहिर रेजा र लक्ष्मिनिया गापा–१ बस्ने २३ वर्षीय अशरफ मोहम्मद थिए।

उनीहरूको साथबाट नक्कली नोट र नोट बनाउने कागजसमेत बरामद भएको थियो। त्यसैगरी माघ ६ गते मटिहानी नपा–३ स्थित पेट्रोलपम्प अगाडिबाट प्रहरीले रु दुई हजार नेपाली नक्कली नोटसहित भारतको बिहार, सीतामढी, मेघपुर बस्ने ४० वर्षीय नुरूल जोलाहालाई पक्राउ गरेको छ।

माघ ७ गते शुक्रवार जलेश्वरको मुख्य भन्सार कार्यालय अगाडिबाट प्रहरीले थप एकजनालाई स्रोत नखुलेको नौ लाख ९६ हजार ४०० नेपाली रुपियाँ र नौ लाख ६० हजार भारतीय रुपियाँ बराबरको चेकसहित एकजनालाई नियन्त्रणमा लिएको छ। भारतबाट नेपाल आउँदै गरेका भारत बिहार, सीतामढी, सुरसण्ड निवासी ३९ वर्षीय उदयकुमार साह नगद र चेकसहित पक्राउ परेको प्रहरीले जनाएको छ।

### आजको राशिफल

| | |
|---|---|
| मेष – शत्रुभय | वृष – कार्यनाश |
| मिथुन – उदरपीडा | कर्कट – विजय |
| सिंह – धनखति | कन्या – भाग्योदय |
| तुला – बेचैनी | वृश्चिक – मनोरञ्जन |
| धनु – कर्मप्राप्ति | मकर – प्रगति |
| कुम्भ – वादविवाद | मीन – यात्रालाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

घरघरमा शौचालय प्रयोग गरौं
सभ्य नागरिकको परिचय दिऔं
वीरगंज महानगरपालिका

# कोरोना सङ्क्रमित दुईजनाको मृत्यु

प्रस, सप्तरी, ८ माघ/

कोरोना सङ्क्रमणका कारण सप्तरीमा मृत्यु भएको छ। मृत्यु हुनेमा विष्णुपुर गाउँपालिका–७ का ६५ वर्षीय एक पुरुष हुन् । बिरामी परेपछि गजेन्द्रनारायण सिंह अस्पताल, राजविराजमा भर्ना गरिएका उनको पिसिआर परीक्षण गर्दा कोरोना पोजेटिभ देखिएको थियो ।

सङ्क्रमितको उपचारकै क्रममा शुक्रवार साँझ मृत्यु भएको विष्णुपुर गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख सुनीलकुमार यादवले जानकारी दिए । मृत्यु भएका पुरुषले कोरोनाको दुवै डोज खोप लगाए पनि कोरोना सङ्क्रमण भएको यादवले बताए ।

उनी धेरै किसिमका रोगबाट पीडित थिए । सङ्क्रमित नै भए पनि उनको मृत्यु हुनुमा अन्य रोग कारक हुन सक्ने स्वस्थ्य प्रमुख यादवले बताएका छन् ।

यसैबीच सिरहामा पनि एकजना कोरोना सङ्क्रमित महिलाको मृत्यु भएको छ । सिरहाको लहान नगरपालिका–१९ की ६२ वर्षीया महिलाको मृत्यु भएको हो ।

उनको विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा उपचारका क्रममा शुक्रवार दिउँसो मृत्यु भएको हो। स्वस्थ्य विज्ञान प्रतिष्ठानका अनुसार माघ ५ गते उनलाई कोरोना पुष्टि भएको थियो । उनलाई लामो समयदेखि मुटुसम्बन्धी समस्या थियो ।

## धर्मशालालाई कुर्सी सहयोग

प्रस, पोखरिया, ८ माघ/

पोखरिया नगरपालिका–९ सेमरवारीस्थित धर्मशालालाई शालिमार सिमेन्टले प्लास्टिकको कुर्सी सहयोग गरेको छ ।

शालिमार सिमेन्टले उपलब्ध गराएको ५० थान प्लास्टिकको कुर्सी लोसपाका नेता नेजामुद्दिन समानीले धर्मशालालाई हस्तान्तरण गरेका हुन् । धर्मशालाका मुख्तार देवानलाई समानीले शालिमार सिमेन्टबाट प्राप्त कुर्सी हस्तान्तरण गरेका थिए ।

तस्वीरः प्रतीक



### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| जानकारी आएन | | | | |

**चीसो मौसममा देखिने मुटुलगायत स्वास्थ्य समस्याबाट बच्न**

- चीसोमा बाहिर ननिस्कौं,
- धूमपान मद्यपान नगरौं,
- रुघाखोकी लाग्नबाट बचौं,
- चिल्लो तथा बोसोयुक्त खानेकुरा नखाऔं,
- शारीरिक व्यायामलाई निरन्तरता दिऔं,
- हृदय रोग, मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले स्वास्थ्य परीक्षण गरौं,

जाडोको जोखिमबाट आफूपनि बचौं र अरूलाई पनि बचाऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**




## नालामा खसेर दुई युवक घाइते

प्रस, रक्सौल, ८ माघ/

नालामा मोटरसाइकल खसेर दुईजना युवक घाइते भएका छन् । रेल्वे स्टेशन रोडमा रहेको नालामा खसेर सुगौली निवासी रोहित र पुष्कर नाम गरेका दुईजना युवक घाइते भएका हुन्। उनीहरूमध्ये एकजनाको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ । दुवैजनालाई डङ्कन अस्पतालमा भर्ना गरिएको छ । रक्सौल रेल्वे स्टेशन जाने सडकमा नाला निर्माण नभएको कारण सडक नालामा परिणत भएको छ र प्रायः दुर्घटना हुने गर्दछ ।

# खेलकूदको संसार

## राष्ट्रिय महिला हक्कीको उपाधि नेपाली सेनाले जित्यो

प्रस, वीरगंज, ८ माघ/

चौथो सहाना प्रधान स्मृति राष्ट्रिय महिला हक्की प्रतियोगिताको उपाधि नेपाली सेनाले जितेको छ ।

आदर्शनगर रङ्गशाला, वीरगंजमा शनिवारमा सम्पन्न प्रतियोगिताको फाइनल खेलमा नेपाली सेनाले सुदूरपश्चिमलाई

तस्वीरः प्रतीक




शून्यविरुद्ध एक गोल अन्तरले पराजित गर्दै उपाधि जित्न सफल भएको हो। सङ्घर्षपूर्ण खेलमा नेपाली सेनाकी सरस्वती तामाङले खेलको ५२ औं मिनेटमा गरेको गोलले नेपाली सेनाले उपाधि जितेको हो ।

सुदूरपश्चिम टिमले अथक प्रयास गर्दा पनि गोल गर्न सकेन र फाइनलमा पराजित भएर दोस्रो भयो। फाइनल खेलको उत्कृष्ट खेलाडी नेपाली सेनाकी सीतामाया बल घोषित भइन्। प्रतियोगिताको विजेताले नगद रु २५ हजारसहित ट्रफी र प्रमाणपत्र पाएको छ भने उपविजेता सुदूरपश्चिमले नगद रु १५ हजारसहित ट्रफी र प्रमाणपत्र पाएको नेपाल हक्की सङ्घले जनाएको छ ।

प्रतियोगितामा उदीयमान खेलाडी गण्डकी प्रदेशकी सबिना पुनः राणा घोषित भइन् भने सर्वोत्कृष्ट गोलकर्ता नेपाली सेनाकी कमला चन्द, उत्कृष्ट गोलकीपर गण्डकीकी समीक्षा पुन, उत्कृष्ट डिफेन्डर सुदूरपश्चिमकी सन्जु चौधरी र प्रतियोगिताको उत्कृष्ट खेलाडीको उपाधि सेनाकी अञ्जना चन्द ठकुरी घोषित भइन्। पाँच समूहका यी उत्कृष्ट खेलाडीले नगद रु ५ हजारसहित मेडल र मायाको चिनो पाएका थिए। त्यसैगरी रु १० हजार नगद र प्रमाणपत्रसहितको तेस्रो स्थान गण्डकी प्रदेशले पाएको छ। आज तेस्रो स्थानका लागि भएको खेलमा मधेस प्रदेशलाई पेनाल्टीमा पराजित गर्दै गण्डकी तेस्रो स्थान हासिल गर्न सफल भयो। यो खेलको वुमन अफ द मैच राधा साह घोषित भइन्।

माघ ४ गतेदेखि जारी पाँच दिने चौथो सहाना प्रधान राष्ट्रिय महिला हक्की प्रतियोगितामा नेपाली सेना, सुदूरपश्चिम, गण्डकी, लुम्बिनी, मधेस प्रदेश र प्रदेश १ गरी कुल ६ टिम सहभागी थिए ।

समापन समारोह नेपाल हक्की सङ्घका वरिष्ठ उपाध्यक्ष अनिल शर्माको अध्यक्षता तथा नेपाली काङ्ग्रेसका नेता तथा सविधानसभा सदस्य अनिल रूँगटाको प्रमुख आतिथ्यमा भएको थियो। विजयी तथा उपविजयी टिमलाई रूँगटाले शिल्ड, मेडल, प्रमाणपत्र र नगद प्रदान गरेका थिए ।

कार्यक्रममा रोट्राक्ट नेपालका सिइओ मनीष झा, नेपाल पत्रकार महासङ्घका सचिव दीपेन्द्र चौहान, सानो पाइलाका संस्थापक कञ्चन झालगायत सहभागी थिए। कार्यक्रमको सहजीकरण विवेक कर्णले गरेका थिए ।

## सङ्घर्ष समितिको बैठक सम्पन्न

प्रस, पोखरिया, ८ माघ/

पर्सा जिल्लाको मध्य भागमा रहेको जिल्लाको दोस्रो सदरमुकाम पोखरियामा



तस्वीरः प्रतीक

जिल्ला प्रशासन, मालपोत, भूमिसुधार, नापी कार्यालयको सेवा केन्द्र स्थापनाको साथै पोखरियामा रहेको अस्पताललाई ५० शय्या बनाउने विषयमा शनिवार बैठक सम्पन्न भएको छ ।

लोसपाका नेता नेजामुद्दीन समानीको अध्यक्षता आज सङ्घर्ष समितिको बैठक बसेको हो ।

आज बसेको बैठकले यसबारे सम्बन्धित मन्त्रालयमा डेलिगेशन जान तथा पहल गर्न माघ १८ गते विभिन्न पार्टीका प्रमुख तथा नगरपालिकाका पदाधिकारी र सदस्यहरूसँग छलफल गर्ने निर्णय गरेको अध्यक्ष समानीले बताए ।

बैठकमा निलम्बित सांसद हरिनारायण रौनियार, संविधानसभा सदस्य प्रद्युम्न चौहान, रामबाबू बैठा, शत्रुघ्न गिरी, आशा चौहानलगायत विभिन्न राजनीतिक दल र तीनका भ्रातृ सङ्गठनका पदाधिकारी सदस्यहरूको सहभागिता थियो ।

## टिपरको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु

प्रस, सर्लाही, ८ माघ/

पूर्व–पश्चिम राजमार्गमा सर्लाही–रौतहट जोड्ने वाग्मती पुलमा टिपरले मोटरसाइकललाई ठक्कर दिंदा मोटरसाइकल चालकको मृत्यु भएको छ।

शुक्रवार साँझ पश्चिमबाट पूर्वतर्फ जाँदै गरेको बा ८४ प ५९०८ नम्बरको मोटरसाइकललाई सोही दिशाबाट आउँदै गरेको ना ७ ख ८३०० नम्बरको टिपरले ठक्कर दिंदा हरिवन नगरपालिका–५ बस्ने ३५ वर्षीय सुनील बम्जनको मृत्यु भएको प्रहरीले जनाएको छ ।

गम्भीर घाइते बम्जनलाई उपचारका लागि चन्द्रपुर अस्पताल पुऱ्याइएकोमा उपचारकै क्रममा उनको मृत्यु भएको जिल्ला प्रहरी प्रवक्ता माधवप्रसाद बुढाथोकीले जानकारी दिए । बम्जनको टाउकोमा गहिरो चोट लागेको थियो । ठक्कर दिने टिपरसहित चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

## आइतवार देशभरका अदालतमा शोक बिदा

काठमाडौं, ८ माघ/रासस

सर्वोच्च अदालतको आज बसेको पूर्ण बैठक (फूलकोर्ट)ले पूर्व प्रधानन्यायाधीश मोहनप्रसाद शर्माको निधनमा आइतवार देशभरका अदालतमा शोक–बिदा दिने निर्णय गरेको छ ।

सर्वोच्च अदालतका सहप्रवक्ता देवेन्द्र ढकालले पूर्ण बैठकपछि आज जारी गरेको प्रेस विज्ञप्तिमा सर्वोच्च, उच्च र जिल्ला, विशेष तथा न्यायाधीकरण गरी देशभरका अदालतमा आइतवार शोक बिदा दिने निर्णय गरेको उल्लेख छ ।

पूर्वप्रधानन्यायाधीश शर्माको ८८ वर्षको उमेरमा बुधवार निधन भएको थियो। सरकारी सेवामा २०१५ सालमा प्रवेश गरेका शर्मा २०१७ सालमा कानून मन्त्रालयको शाखा अधिकृतबाट बढुवा भएर अदालतको न्यायाधीश भएर काम गर्दै २०५४ चैतदेखि २०५६ मङ्सिर ३० गतेसम्म नेपालको प्रधान न्यायाधीश भएर काम गरेका थिए । स्व शर्माको एक छोरा एक छोरी छन् ।

सर्वोच्च अदालतको पूर्ण बैठकले पूर्वप्रधानन्यायाधीशको शर्माको निधनप्रति दुःख व्यक्त गरी चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गरेको छ ।

## २० हजार परीक्षण गर्दा १० हजारभन्दा बढी सङ्क्रमित, १६ को निधन

काठमाडौं, ८ माघ/रासस

पछिल्लो २४ घण्टामा १० हजार २५४ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले आज सार्वजनिक गरेको बुलेटिनमा २०,१८७ जनाको परीक्षण गर्दा १० हजार २५४ जनामा सङ्क्रमण पुष्टि भएको हो । सक्रिय सङ्क्रमितको सङ्ख्या ७२,८६२ पुगेको छ ।

पछिल्लो समय थप ७०८ जना सङ्क्रमणमुक्त भएका छन् । यससँगै सङ्क्रमणमुक्त हुनेको सङ्ख्या ८,२० २८३ पुगेको छ। सङ्क्रमणमुक्त हुने दर ९०.७ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ।

**१६ जनाको मृत्यु**

विगत २४ घण्टा, एकै दिन १६ जनाको कोरोना सङ्क्रमणका कारण मृत्यु भएको छ। अहिलेसम्म ११ हजार ६५१ जनाको सङ्क्रमणका कारण मृत्यु भएको हो ।

यस्तै ५०० भन्दा बढी सङ्क्रमण भएको जिल्ला १५ पुगेको छ। मन्त्रालयका अनुसार मोरङ, सुनसरी, झापा, धनुषा, काठमाडौं, ललितपुर, भक्तपुर, चितवन, मकवानपुर, काभ्रे, कास्की, नवलपरासीपूर्व, बाँके, रूपन्देही र कैलाली रहेका छन् । यस्तै २०० भन्दा बढी सङ्क्रमित भएका जिल्लामा पर्सा, बारा, महोत्तरी, सप्तरी, सर्लाही, सिराहा, नुवाकोट, धादिङ, गोरखा, तनहुँ, स्याङ्जा, बागलुङ, दाङ, सुर्खेत र कञ्चनपुर रहेका छन् । नेपालमा सङ्क्रमण दर १७.७ प्रतिशत रहेको छ।

हाल होम आइसोलेशनमा ७१,२६१, संस्थागत आइसोलेशनमा १,६०१, आइसियुमा २१० र भेन्टिलेटरमा ३७ जनाको उपचार हुँदैछ । विगत २४ घण्टामा आज १,९६,८५७ जनाले खोप लगाएका छन्। अहिलेसम्म पहिलो मात्रा १ करोड ६२ लाख ४२ हजार ४५६ जना र पूर्ण मात्रा एक करोड २८ लाख ७० हजार ८६७ जनाले लगाइसकेका छन् । यस्तै कोरोना भाइरसविरु बुस्टर डोज १,४२,५८९ मात्रा लगाइएको छ ।